नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय: धादिङवेशी, धादिङ

प.सं. २०७९/८०
च.नं. १३२१

मिति:२०८०/०२/१९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
यू.एन.आइ शान्ति मार्ग भद्रकाली, काठमाडौं ।

विषय: विशेष साधारण सभा हुने बारे जानकारी सम्बन्धमा ।

महोदय,

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने /गाभिने (मर्जर) सम्बन्धमा नेपाल राष्ट्र बैंक द्वारा जारी बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धि विनियमावली २०७३ (संशोधन सहित) को अधिनमा रहि सञ्चालक समितिको २०८०/०२/१८ गतेको बैठकको निर्णय अनुसार यस नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभ्ने (मर्ज) सम्बन्धि प्रस्ताव पारित गर्नको लागि यहि मिति २०८०/०३/०३ गते आईतवारका दिन धादिङ्ग जिल्लाको धादिङ्गवेशी स्थित धादिङ्ग क्रिक रिसोर्ट धादिङ्गमा विशेष साधारण सभा गर्ने निर्णय भएकोले सम्पूर्ण शेयरधनीहरु लगायत सरोकारवाला हरुलाई जानकारी गराउने उद्धेश्यले मिति २०८०/०२/१९ गतेको कारोवार दैनिक पत्रिकामा विशेष साधारण सभा हुने बारेको सार्वजनिक सूचना प्रकाशित गरिएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

<u>संलग्न:</u>

१) विशेष साधारण सभा हुने बारेको सार्वजनिक सूचनाको प्रति १ थान ।

बोधार्थ

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।
२) श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं ।
३) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं ।

भवदीय,

....
(राम बहादुर यादव)
प्रमुख कार्यकारी अधिकृत

निलकण्ठ-३, धादिङ्गवेसी, धादिङ्, फोन नं.: ०१०-५२०८७६, ५२०७६१, फ्याक्स नं.: ०१०-५२०९०४

"नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ती (एक्विजिशन) गरेको"

२०८०।०२।१९ को कारोवार दैनिकपत्रिका मा प्रकाशित

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड

NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय,धादिङबेशी,धादिङ
फोन नं.: ०१०-५२०८७६, ५२०७६१ फ्याक्स नं.: ०१०-५२०१०८

विशेष साधारण सभाको सूचना

यस वित्तीय संस्थाको मिति २०८०/०२/१८ गते बिहिबार बसेको सञ्चालक समितिको १४९ औं बैठकको निर्णय अनुसार यस संस्थाको विशेष साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान

मिति: २०८०/०३/०३ गते आइतवार, (तदनुसार १८ जून २०२३)

समय: बिहान ११:०० बजे ।

स्थान: धादिङ क्रिक रिसोर्ट, धादिङबेशी, धादिङ ।

छलफलको विषय सूची:

(क) विशेष प्रस्ताव:

१) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि नियुक्त मूल्यांकनकर्ताबाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit) प्रतिवेदनको आधारमा संयुक्त मर्जर समितिबाट सिफारिस भई संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ (एक) कित्ता शेयर बराबर समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको ०.७३ (शुन्य दशमलव सात तीन) कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) क्रमश: १:०.७३ (एक कित्ता बराबर शून्य दशमलव सात तीन कित्ता) लाई स्वीकृति प्रदान गर्ने ।

३) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा गरिएको प्रारम्भिक समझदारीपत्र (Memorandom of Understanding), संयुक्त मर्जर समिति गठन एवं सञ्चालक समितिले संयुक्त मर्जर समितिलाई आवश्यक कार्य गर्न दिएको अख्तियारी, संयुक्त मर्जर समितिबाट भएका निर्णयहरु, खर्चहरु र सञ्चालक समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने ।

४) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायत मर्जर सम्बन्धी अन्य सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

५) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात् "नेशनल समीट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड"को नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव पारित गर्ने ।

६) मर्जर पश्चात संस्थाको नाम "**नेशनल समीट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड (NATIONAL SUMMIT MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.)**" र रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १० कायम हुने गरी संस्थाको प्रबन्धपत्रको दफा २ (१) र नियमावलीको नियम २ (१) मा संशोधन गर्ने ।

७) मर्जर पश्चात संस्थाको अधिकृत पूँजी रु.१,५०,००,००,०००। (अक्षेरुपी: एक अर्व पचास करोड मात्र), जारी पूँजी तथा चुक्ता पूँजी रु. १,०८,४२,०६,२११।५२ (अक्षेरुपी: एक अर्व आठ करोड बयालीस लाख छ हजार दुईसय एघार रुपैयाँ बाउन्न पैसा मात्र) हुने गरी संस्थाको प्रबन्ध पत्रको दफा ६(क), ६ (ख) र ६(ग) संसोधन गर्ने ।

८) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभिएपछि गठन हुने सञ्चालक समितिमा यस संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु तोक्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने र साबिक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल बाँकी भएता पनि गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुवै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पश्चात् साबिक सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

९) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) पश्चात हुने संस्थाको नाम, ठेगाना, अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी तथा शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुनेगरी संस्थाको प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफा तथा नियमहरुमा आवश्यक संशोधन परिमार्जन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिने क्रममा नियमनकारी निकायहरुबाट फेरबदल भएमा वा गर्न निर्देशन भएमा सो अनुरुप आवश्यक थपघट संशोधन वा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ख) विविध:

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

विशेष साधारणसभा सम्बन्धी अन्य सामान्य जानकारी :

१) यस विशेष साधारण सभामा भाग लिने प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०८०/०२/२५ गते देखि २०८०/०३/०३ गते सम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०२/२४ गतेसम्म कारोबार भइ प्रचलित कानून बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लि. लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाइने छ ।

२) सभामा भागलिन प्रतिनिधि नियुक्त गर्न चाहनुहुने शेयरधनी महाँनुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय (रजिष्टर्ड) कार्यालयमा प्रोक्सी फाराम दर्ता गरि सक्नुपर्ने छ । सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्ति गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोहि अवधीभित्र कम्पनीको केन्द्रीय (रजिष्टर्ड) कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

३) नाबालक तथा विछिप्त शेयरधनी महाँनुभावहरुको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा पहिले नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ ।

४) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाईने छ ।

५) शेयरधनी महाँनुभावहरुको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान १०:०० बजेबाट खुला रहने छ ।

६) अन्य जानकारीको लागि कम्पनीको केन्द्रीय (रजिष्टर्ड) कार्यालय धादिङबेशी, धादिङमा सम्पर्क राख्नहुन वा यस संस्थाको वेभसाइट www.nationalmicrofinance.com.np मा हेर्नहुन अनुरोध गरिन्छ ।

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड • धादिङ •